# पठन विज्ञान

## तपाईंको विद्यालयमा सोध्नु पर्ने प्रश्नहरू

तपाईंको स्थानीय विद्यालयले बच्चाहरूलाई पढ्न सिकाउन राम्रा सामग्री र शिक्षण रणनीतिहरू प्रयोग गरिरहेको छ?

कुराकानी सुरु गर्न ओपन हाउसमा, अभिभावक शिक्षक सम्मेलन तथा शिक्षकहरूसँग हुने अन्य बैठकहरूमा पठन विज्ञानका बारेमा सोध्न सकिने केही प्रश्नहरू यहाँ दिइएका छन्।

### सामान्य प्रश्नहरू

- **तपाईं पढ्न र लेख्न सिकाउन कुन दृष्टिकोण** प्रयोग गर्नुहुन्छ? (अभिभावकहरूले ध्यान दिनु पर्ने कुरा: यो दृष्टिकोण सन्तुलित साक्षरता वा सम्पूर्ण भाषा नभइकन संरचित साक्षरता दृष्टिकोण हुनुपर्छ।)
- **तपाईं कुन-कुन पाठ्यक्रम** वा कार्यक्रमहरू प्रयोग गर्नुहुन्छ? (अभिभावकहरूले ध्यान दिनु पर्ने कुरा: पाठ्यक्रम वा कार्यक्रमहरू एकभन्दा बढी हुन सक्छन् तर प्रयोग गरिने मुख्य सामग्रीहरू राज्यले स्वीकृत गरेको सूचीमा रहेको हुनुपर्छ।)
- **तपाईं प्रत्येक दिन ती सामग्रीहरू प्रयोग गरेर प्रत्यक्ष निर्देशन दिन कति समय** लगाउनुहुन्छ? प्रत्येक हप्ता? (अभिभावकहरूले ध्यान दिनु पर्ने कुरा: तिनीहरूले राज्यले स्वीकृति दिएका सामग्रीहरू प्रयोग गरेर साक्षरता सिकाइ समयको थोरै प्रतिशत मात्र खर्च गर्छन् भने यसो गर्नु ठिक छैन।)

## विद्यालयले पठन विज्ञान पालना गरिरहेको छैन?

"स्थानीय नियन्त्रण" राज्य ओहायोमा अभिभावकका रूपमा तपाईंको भूमिका धेरै महत्त्वपूर्ण छ। कुनै शिक्षक वा विद्यालयले पठन विज्ञान पालना नगरेमा चाल्नु पर्ने केही कदमहरू यहाँ दिइएका छन्:

- **आफूलाई चिन्ता लागेका कुराहरू बताउन शिक्षक तथा भवनको प्रशासक (जस्तै प्रधानाध्यापक वा सहायक प्रधानाध्यापक) सँग इमेल वा बैठकमा  कुराकानी गर्नुहोस्।** तपाईंका चिन्ता लागेका कुरा हटाउने राज्यको कानुन र ओहायो शिक्षा विभाग तथा कार्यबलको रिड ओहायो (Read Ohio) वेब पेजहरू सेयर गर्नुहोस्।
- तपाईंलाई अझै पनि चिन्ता छ भने: **जिल्लाका लिडरसँग** कुराकानी गर्नुहोस्(**सुपरिटेन्डेन्ट** वा तपाईंका बच्चा सामुदायिक विद्यालय जान्छन् भने विद्यालय प्रायोजकसँग कुराकानी गर्नुहोस्)।
- तपाईंलाई अझै पनि चिन्ता छ भने: **तपाईंका बच्चाको विद्यालयका नीति** र प्रक्रियाहरू स्वीकृत गरेको स्थानीय विद्यालय शिक्षा बोर्डसँग कुराकानी गर्नुहोस्। विद्यालय बोर्डको सम्पर्क जानकारी सामान्यतया जिल्लाको वेबसाइट वा विद्यार्थी पुस्तिकामा रहेको हुन्छ।
- **यससँग सम्बन्धित अन्य अभिभावकहरूसँग** कुराकानी गर्नुहोस् र समूहका रूपमा विद्यालयमा म्यासेज पठाउनुहोस्। ओहायोका अन्य अभिभावकहरूले यो रणनीति प्रयोग गरेर सफलता हासिल गरेका छन्।

- तपाईंलाई स्कुल बोर्ड वा जिल्लासँग काम गर्न मद्दत चाहिन्छ भने: **आफ्ना क्षेत्र संयोजकसँग** **कुराकानी गर्नुहोस्**। ओहायो शिक्षा विभाग र कार्यबलको वेबसाइटमा सम्पर्क सूची रहेको छ।
- तपाईंले यी सबै चरण पूरा गरिसक्नुभएको छ र तपाईंको विद्यालयले अझै पनि पठन विज्ञान पालना गरिरहेको छैन भने: **अनुसन्धान गर्ने, रिपोर्ट गर्ने र गुनासोहरू समाधान गर्न मद्दत गर्ने** ombudsperson@education.ohio.gov मा इमेल पठाउनुहोस्।
- तपाईंका बच्चाले विशेष शिक्षा सेवाहरू प्राप्त गरिरहेको छ भने: **ओहायो शिक्षा विभाग तथा कार्यबलको विवाद** समाधान प्रक्रिया प्रयोग गरेर उजुरी दर्तागर्नुहोस्।

## तपाईंका बच्चाको पढाइ र लेखाइका बारेमा रहेका विशेष प्रश्नहरू

तपाईंका बच्चाको सिकाइ कुन स्थितिमा छ र उनको ग्रेड स्तरका लक्ष्यहरू पूरा गर्ने ट्र्याकमा छन् कि छैनन् भन्ने बारेमा शिक्षकहरूलाई विशेष प्रश्नहरू सोध्नु राम्रो हुन्छ।

### सुरुवाती पाठक र लेखकहरूका निम्ति

- मेरा बच्चाले ग्रेडको स्तरमा, माथि वा तल पढिरहेको छ?
- मेरा **बच्चाले** कुन अक्षरको ध्वनि जान्दछन्?
- उनी शब्दहरू **उच्चारण गर्न** सक्छन् अनि ध्वनिहरूलाई मिसाएर पढ्न सक्छन्?
- मेरा बच्चाले पढाइसम्बन्धी कुन **विशेष** सीपहरू सिकिसकेको छ र उनी अहिले कुन सीपहरूमा काम गरिरहेका छन्?
  जस्तै:
  - छोटा स्वर वर्णहरू (क्या ट प)प)
  - मिश्रित वर्णहरू - पङ्क्तिमा दुई वा बढी व्यञ्जन वर्णहरू (फ्ल्याग,जम्प)
  - डिग्राफहरू – एउटै ध्वनि बनाउने दुई वटा अक्षर (, )  (सीप, पाथ)
  - मौन वा जादु "e" (काइट, माइल)
  - स्वर वर्णका टोलीहरू (रेन, प्ले) आदि।
  - r-नियन्त्रित शब्दहरू (फअ, काअ, हअ)
- शिक्षकलाई सीपहरूको सूचीका प्रतिहरू **(कार्य क्षेत्र र अनुक्रम)**माग्नुहोस् र तपाईंका बच्चाले सूचीमा कहाँ राम्रो गरिरहेको छ र कहाँ अभ्यास गर्नु पर्ने छ भनेर सोध्नुहोस्।
- मेरा बच्चाको **हस्तलेखन** वा अक्षर लेखाइ कस्तो छ? (लेखाइ स्वचालित र सहज छ?)
- तिनीहरू शब्दहरूका हकमा ध्वनिहरू नमिलाइकन पनि **हिज्जे** भन्न सक्छन्?
- कुन-कुन शब्दहरूको **हिज्जे**भन्न गाह्रो छ? (अभिभावकहरूले ध्यान दिनु पर्ने कुरा: यी शब्दहरूलाई कहिलेकाहीँ राता शब्दहरू, उच्च आवृत्ति वा दृश्य जनाउने शब्दहरू भनिन्छ)
- तिनीहरूलाई कुन प्रकारका विशेष शब्दहरूमा समस्या भइरहेको छ?
- मेरा बच्चा पढ्न वा लेख्नका लागि **कुनै सानो समूहमा** छ? **तिनीहरू ती समूहहरूमा केमा काम** गरिरहेका छन्? साना समूहहरूमा कुन सामग्रीहरू प्रयोग भइरहेका छन्? सानो समूहको समयले तिनीहरूलाई काम गर्नु पर्ने विशेष सीपहरूमा कसरी मद्दत गर्ने छ?
- मैले घरमा के गर्न सक्छु?

## अलि ठुला/थप जान्ने विद्यार्थीहरूका लागि

- मेरा बच्चाले ग्रेडको स्तरमा, माथि वा तल पढिरहेको छ?
- मेरा बच्चाले कसरी **अझ ठुला शब्दहरू** पढ्ने र हिज्जे बताउने गर्छन् वा उनीहरूलाई साना शब्दहरू पढ्न र हिज्जे बताउन गाह्रो भइरहेको छ?
- उनीहरूले कुन प्रकारका **अक्षरहरूमा** निपुर्णता हासिल गरेका छन्? उनीहरूलाई कुनै समस्या भइरहेको छ?
- उनीहरूले कुन **मूल, उपसर्ग र प्रत्ययहरू** सिकेका छन्? ती कुराहरूमा कुनै समस्या छ?
- उनीहरू **लेखनका कुन-कुन सीपहरूमा** काम गरिरहेका छन्? उनीहरूलाई वाक्य संरचनामा समस्या भइरहेको छ वा लामा पेपरहरू लेख्न समस्या भइरहेको छ?
- उनीहरूले ग्रेड **स्तरको** सामग्री पढ्दा बुझ्छन् जस्तो देखिन्छ?
- तपाईंले आफ्ना बच्चाले कहाँ राम्रो गरिरहेको छ वा **तिनलाई थप** सहयोग चाहिन्छ कि भनेर ठ्याक्कै चिन्ह लगाउन सक्नुहोस् भनेर शिक्षकलाई उनीहरूले प्रयोग गरिरहेका सीपहरूको सूची (कार्य क्षेत्र र अनुक्रम) का प्रतिलिपिहरू माग्नुहोस्।
- मैले घरमा के गर्न सक्छु?

हरेक विद्यार्थी सफल हुने उत्कृष्ट मौका पाउन हकदार हुन्छ र हामी सबै जनाले विद्यार्थीहरूका लागि मिलेर काम गरेमा मात्र यस्तो हुन्छ। शिक्षकहरूलाई तपाईंका बच्चासँग घरमा पढ्ने र लेख्ने सीपहरू अभ्यास गर्न तपाईंको मद्दत चाहिन्छ र तिनीहरू त्यो कसरी सम्भव बनाउने भन्ने बारेमा तपाईंले सोधेका प्रश्नहरूको जवाफ दिन सक्छन्।

अभिभावकहरूका लागि थप स्रोतहरू हेर्न ओहायो राज्यव्यापी परिवार संलग्नता केन्द्रको वेबसाइटमा जानुहोस्।

**यस जानकारीका** बारेमा प्रश्नहरू छन्? तपाईं ReadOhio@education.ohio.govमा इमेल गर्न सक्नुहुन्छ।

**मार्च 2025**